# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, फागुन २२गते २०५९ साल (अतिरिक्ताङ्क ८२

## भाग ३

श्री ५ को सरकार

### गृह मन्त्रालयको सूचना

नेपाल नागरिकता (तेस्रो संशोधन) नियमावली, २०५९

नेपाल नागरिकता ऐन, २०२० को दफा १६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "नेपाल नागरिकता (तेस्रो संशोधन) नियमावली, २०५९" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. नेपाल नागरिकता नियमावली, २०४९ को नियम ४ मा संशोधन : नेपाल नागरिकता नियमावली, २०४९ को नियम ४ को उपनियम (२) र (३) को सट्टा देहाएका उपनियम (२) र (३) राखिएका छन् :-

"(२) नेपाली नागरिकसंग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले नेपालको नागरिकता प्राप्त गर्न चाहेमा सम्बन्धित जिल्ला विकास समितिको सभापति वा उपसभापति, नगरपालिकाको प्रमुख वा उपप्रमुख, गाउँ विकास समितिको अध्यक्ष वा उपाध्यक्ष, श्री ५ को सरकारको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राजपत्राङ्कित अधिकृत वा राजप्रासाद सेवाका अधिकृतको सिफारिश साथ सम्बन्धित प्रमुख जिल्ला अधिकारी मार्फत श्री ५ को सरकार, गृह मन्त्रालय समक्ष अनुसुची-३ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(३) नेपालको नागरिकको छोरा, छोरी वा वंशजको कुनै व्यक्तिले नेपालको नागरिकता प्राप्त गर्न चाहेमा आफ्नो बाबु, आमा वा वंशजको कुनै व्यक्तिको नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी सम्बन्धित जिल्ला विकास समितिको सभापति वा उपसभापति, नगरपालिकाको प्रमुख वा उपप्रमुख, गाउँ विकास समितिको अध्यक्ष वा उपाध्यक्ष, श्री ५ को सरकारको राजपत्राङ्कित अधिकृत वा राजप्रासाद सेवाका अधिकृतको सिफारिश साथ सम्बन्धित प्रमुख जिल्ला अधिकारी मार्फत श्री ५ को सरकार, गृह मन्त्रालय समक्ष अनुसुची-३ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।''

आज्ञाले,
टीकादत्त निरौला
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।